# The Baptist Tabernacle of Los Angeles

1329 South Hope Street, L.A. Civic Center

Mailing Address:
P. O. Box 15308
Los Angeles, CA 90015
Phone: (213) 744-9999
E-mail: rlhymersjr@sbcglobal.net
www.sermonsfortheworld.com
www.baptisttabernacle.com




Dr. R. L. Hymers, Jr.
Founding Pastor

Dr. Christopher L. Cagan
Pastor

दिसम्बर, २०१९

प्रिय मित्र

इच्छा त हुन्छ म तपाईंलाई योभन्दा बढी खुसीको ख्रीष्टमस पत्र पठाऊँ! तर साँचो कुरा भन्ने हो भने विगत डेढ् वर्षमा हामीले साँच्चै चर्चको सबैभन्दा नराम्रो विभाजनको अनुभव गर्‍यौं।

यो विगत वर्ष केही महिना अघि नै सुरु भएको थियो। हाम्रा बरिष्ठ डिकनले अर्को पास्टरसँग गुप्तमा सभाहरू गर्न थाले। ती दुईले हाम्रो चर्चलाई नाश पार्ने योजना तर्जुमा गरे। ती दुईले अर्को चर्च सुरु गर्ने अनि सकेसम्म हाम्रा धैरै जना मानिसहरूलाई तानेर लैजाने योजना बनाए। मैले त्यो कुरा थाहा पाउँदासम्म त्यो ठूलो चर्च विभाजनलाई रोक्न ढिलो भइसकेको थियो।

यो कुरा त्यसबेला सुरु भएको थियो जब एक असन्तुष्ट डिकनले मलाई मारपिट गर्न उक्साएको थियो। मैले झगडा गर्न नचाहँदा ऊ चर्च छोडेर गयो। अनि चाँडै अरूहरू उसको पछिपछि गए। डिकनहरूका अध्यक्षले आफ्नो वेबसाइटमा छाडा तस्वीरहरू राख्छन्।  ती 'विभाजकहरू' मध्ये एक जनाले ती तस्वीरहरू देखाएर मसँग सौदाबाजी गर्न खोजे, र त्यो त्यसमा पुलिस पनि संलग्न भयो। डिकनहरूका अध्यक्ष र तिनकी पत्नी हाम्रो  चर्च छोडेर गए।

त्यसबेला बरिष्ठ डिकन खुल्लमखुल्ला सक्रिय बने। तिनी हाम्रो चर्च छोडेर गए र सकेसम्म हाम्रो चर्चबाट धैरै जना मानिसलाई तानेर लैजाने कोसिस गरे। ती बरिष्ठ डिकन धैरै दशकदेखि हाम्रो चर्चको एक अगुवा भएकोले धैरै जना मानिस तिनको पछि लागे र हाम्रो चर्च छोडेर गए। त्यो विभाजन भईसक्दासम्म तिनले हाम्रो चर्चका आधा सदस्यहरूलाई लैजान सके।

त्यस बेलातिरै मेरो शारीरिक समस्याहरू बझ्रेर गएकाले मैले दुई आइतबारको सेवामा प्रचार गर्न सकिनँ। ती आइतबार बिहानहरूमा सेमिनरीको एक जना विद्यार्थीले प्रचार गर्‍यो। तर तिनी अनुभवहीन भएकोले गर्दा तिनका घनिष्ठ मित्रहरूले चर्च छोडेर जाँदा पनि तिनले मलाई साथ दिन सकेनन्। यस जवान  मानिसले  फरवरीको दिन मसँग संगति तोड्यो। ऊ र उसकी आमा चर्च छोडेर गए अनि न्यू इभान्जलिकल चर्चहरूमा जान थाले। त्यो मेरो निम्ति सहन नसक्ने कुरा थियो, किनकि त्यस जवानलाई म आफ्नो घनिष्ठ व्यक्तिगत मित्र मान्थैं। २३ फरवरीको दिन मैले पास्टरको रूपमा राजीनामा दिएँ र डा. क्रिस्टोफर केगन नयाँ पास्टर बने। मलाई अवकाशप्राप्त पास्टर नियुक्त गरियो। म कमजोर भएकोले

*हाम्रो वेबसाइट* ***WWW.SERMONSFORTHEWORLD.COM.***
*ले  बयालीसवटा भाषामा शब्द-शब्दमा वर्णन गरिएका प्रवचनहरू प्रस्तुत गर्दछ।*

सेवाहरूमा उपस्थित हुन सक्दिनथेँ। ३ मार्च को दिन डा. केगनले मेरो अवकाश र नयाँ पास्टरको रूपमा तिनको नियुक्तिको घोषणा गरे। डा. केगन पास्टर वर्मब्राण्डबाहेक मैले अहिलेसम्म चिनेको सबैभन्दा महान् ख्रीष्टियन हुनुहुन्छ। तिनको नेतृत्तवबिना हाम्रो चर्च राम्रो अवस्थामा कहिल्यै पनि फर्कने थिएन।

तर असल कुराहरू भइनैरहे। २६ जनवरीको दिन हाम्रो वेबसाइटमा ४१औं भाषा थपियो। त्यही दिन (२६ जनवरी) हाम्रो 'एप' आइफोन र एन्ड्रोइडमा जोडियो। त्यस दिनदेखि यता संसारभरका हजारौं मानिसहरू 'एप' द्वारा हामीसँग जोडिएका छन्, यसको निम्ति न्यू योर्क सहरमा बस्ने यहुदीहरूका मिसनरी एक मित्रलाई विशेष धन्यवाद छ। त्यसपछि हाम्रो ४२ औं भाषा जोडियो- जुन अफ्रिकाको मालावीको मुख्य भाषा हो। २३ फरवरीको दिन डा. केगन आधिकारिक पास्टर बने र मलाई अवकाशप्राप्त पास्टर बनाए।

मैले नभने पनि स्पष्ट छ, म कमजोर र ती सबै गन्जागोलको कारण बिमार भएको थिएँ। मेरी पत्नीलाई धन्यवाद दिन्छु- जसले यो सारा समयमा मलाई साथ दिइन्। २७ फरवरीदेखि २० मार्चसम्म मैले बिदा मिलाएर विश्रामका निम्ति तिनलाई एरिजोनामा लगेँ। २० मार्चको दिन म आइतबार बेलुकीका सेवाहरूमा प्रचार गर्न फर्किएँ र शनिबार बेलुकीका सेवाहरूमा शिक्षा दिएँ।

त्यस दिनदेखि यता हाम्रो चर्च भवन बिक्रीमा राखिएको थियो। १४ अप्रेलको दिन त्यही पुरानो भवनमा मेरो ७८औं जन्म दिन मनाइयो। ७ मईको दिन मैले केही विश्वासयोग्य जवान मानिसहरूलाई लिएर हाम्रो चर्चमा 'सुसमाचार विस्फोट' लाई हाम्रो पाठ्य पुस्तकको रूपमा प्रयोग गर्दै एउटा चेलापन झुण्ड सुरु गरेँ। २२ मईदेखि २९ मईसम्म डा. केगनले मेरी पत्नी र मलाई चिनियाँ ब्याप्टिस्ट चर्च र त्यहाँका असल पास्टरसँग भेटन सेन फ्रान्सिस्को क्षेत्रमा लगे। हामीले माइक र मोना रिलेलाई पनि भेट्यौं, जो मैले मेरिन काउन्टीमा सुरु गरेको चर्चको धेरै वर्षसम्म पास्टर रहेका थिए। माइकले मलाई धेरै उत्साह दिए, र मलाई त्यो चर्चको ५०औं वार्षिक समारोहमा वचन बोल्न बोलाए। अरूहरू त्यत्ति दयालु थिएनन्, उनीहरूले त हाम्रो चर्च विभाजनका निम्ति मलाई नै दोष दिए, जसले मलाई धेरै पीडा दियो।

२८ जुलाईको दिन हामीले हाम्रो चर्चमा डा. केगनको ६६औं जन्म दिनको ठूलो भोज लगायौं। त्यही अवसरमा सेन गब्रिएल भेल्लीको हाम्रो चर्चको नाउँ 'दि चाइनिज ब्याप्टिस्ट टेबरनेकल अफ ग्रेटर लस एन्जलस' राखिने घोषणा गरियो। त्यहाँ हामीले एउटा नयाँ भवन किनेका छौं र त्यहाँको रोक्काको सूचना चाँडै बन्द गरिनेछ।

जुलाईको अन्त्यतिर मैले श्रीमती हिमर्सलाई छोटो बिदामा ओसेनसाइडमा लगेँ। मेरी पत्नी एलियाना निस्सन्देह सारा संसारमा सबैभन्दा असल पास्टरकी पत्नी हुन्। मेरो छोरा रोबर्ट लेस्ली र मैले उसलाई र उसकी आमाबुबालाई इस्राएल पठायौं। १७ नवम्बरको दिन मैले आइतबार बिहान र बेलुकी प्रवचनहरूको शृङ्खला सुरु गरेँ। त्यो पहिलोचोटि थियो जब म आइतबारका दुवै सेवाहरूमा लामो समयसम्म प्रचार गर्न शारीरिक रूपमा सक्षम बनेको थिएँ। डा. केगनको नेतृत्त्व र कठोर परिश्रमको कारण दुइ जवानहरूले उद्धार पाएका छन्, र धेरै जना चिनियाँ विद्यार्थीहरू हाम्रो चर्चमा आउन थालेका छन्। डा. केगनले लस एन्जलसको डाउन टाउनमा भएको आफ्नो घर बेच्नुभएको छ, र उनले सेन गब्रिएलको भवनको नजिकै अर्को घर किन्न खोजिरहनुभएको छ। अबको केही महिनाभित्रै हामी हाम्रो नयाँ चर्चलाई त्यो नयाँ भवनमा सार्नेछौं।

अब चर्च विभाजनको खेल समाप्त भएको जस्तो छ। केही दिन अघि मलाई सिटी अफ होपमा मेरो केन्सर निको भएको जस्तो देखिँदैछ भनिएको थियो। डा. केगन, मेरी पत्नी र मैले हाम्रो घरमा मेरा छोराहरू र नातिनीहरू साथै हाम्रो कठिनाइको घडीमा हाम्रो साथमा उभिने धेरै जनासँग मिलेर परमेश्वरलाई धन्यवाद दियौं। हामीले एकसाथ रमाइलो समय बितायौं।

प्रभुले तपाईंहरू सबैलाई आशिष् देऊन्! हामीले चिनियाँ चर्च सुरु गरिरहेका छौं, कृपया हाम्रो निम्ति प्रार्थना गर्न नभुल्नुहोला!



मलाई मेरो परिवारमा धेरै गर्व छ। बायाँदेखि दायाँ, वेस्ली, लेस्ली साथमा नानी हन्ना, म आफै, एलियाना साथमा नानी सारा, लेस्लीकी पत्नी जिन, एलियानाकी आमा लिन्डा र उसको भाई एर्विन क्युल्लर

येशू ख्रीष्ट, हाम्रा उद्धारकर्ताको प्रशंसा होस्!



डा. आर. एल. हिमर्स, जुनियर
डी.मिन.,टीएच.डी. डी. लिट.,
फिलिप्पी ४:१३

‘मलाई अझ पनि विश्वास छ कि जीवितहरूको देशमा परमप्रभुको उत्तमता म देख्नेछु। परमप्रभुको प्रतीक्षा गर। बलिया होऊ, र तिम्रो हृदय साहसिलो होस्, र परमप्रभुकै प्रतीक्षा गर’ (भजन २७:१३-१४)।

*हाम्रो वेबसाइट WWW.SERMONSFORTHEWORLD.COM. ले बयालीसवटा भाषामा शब्द-शब्दमा वर्णन गरिएका प्रवचनहरू प्रस्तुत गर्दछ।*